नेपाली राजदूतावास
मस्कट, ओमान
**Embassy of Nepal**
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

**Press Release on Export, Trade & Investment Promotion Event**

The Embassy of Nepal in Muscat successfully conducted a program aimed at promotion of export, trade, and investment in Nepal and Oman on Friday, 13 February 2026, at Nepal House, Muscat. The event featured presentations and experience-sharing by Nepali businesspersons and entrepreneurs based in Oman, followed by an interactive discussion with the Embassy and presenters, as well as networking opportunities.

H.E. Dornath Aryal, Ambassador of Nepal to the Sultanate of Oman, lighted the traditional Panas to commence the event. Ambassador Aryal highlighted the importance of trade and investment in further consolidating the existing bilateral relations between Nepal and Oman. He urged the gathering to look for the possible business and investment opportunities in both Nepal and Oman and explained the priorities of the Government of Nepal in attracting investment. On the occasion, the Ambassador expressed gratitude to the NRN Nepali Social Club/Nepali organizations, businesspersons, artists, and other individuals who participated in the month-long Muscat Night Festivals held in January in Qurum Natural Part, Muscat. The Embassy took part in the festival by setting up nine stalls. At these stalls, traditional Nepali food (MoMo), tea, and coffee were served, while a range of Nepali products were showcased. The initiative also provided a platform to promote Nepali businesses. More than two million people visited the Muscat Night festivals.

Presentations and experience sharing were made by Mr. Suresh Khadka, Hotelier and President of NRN Nepali Social Club; Mr. D. B. Chhetri, businessperson and former Vice President of NRN ICC; Mr. Bikal Jha, former President of NRN Nepali Social Club and businessperson; Mr. Gautam Shrestha, Chartered Accountant/Professional; Mr. Jeevan Karki, Hotelier and Entrepreneur; Mr. Yubaraj Acharya, Engineer; and Mr. Subhash Kafle, Engineer. They shared their views, experiences, success and failure stories about business operation, challenges and opportunities in several fields of trade and investment in Nepal and Oman. The speakers also focused on what are the key areas to be kept in mind while entering the world of business and investment and invited others to join hands to work together in Nepal and Oman. Mr. Gautam Shrestha made a presentation focusing his experiences and knowledge of stock and encouraged Nepali people to invest in stock in Nepal and Oman.

An interactive session was organized to provide floor to all the participants to understand more about the export, import, business and investment ideas. The event facilitated networking among participants for potential future ventures. Participants expressed their appreciation and satisfaction with the informative and interactive nature of the program. The Embassy is committed to promoting business and investment through such events in future too. The event was moderated by Mr. Bishesh Kumar Sah, First Secretary of the Embassy of Nepal.

**The Embassy of Nepal, Muscat**
**Sultanate of Oman**
**13 February 2026**

EMBASSY OF NEPAL
Muscat, Sultanate of Oman

Shatti Al-Qurum, P.O.Box 517, PC116, Villa No.2294, Way No.2830, Tel: +968 24696177, Email: eonmuscat@mofa.gov.np

नेपाली राजदूतावास
मस्कट, ओमान
**Embassy of Nepal**
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

## निर्यात, व्यापार तथा लगानी प्रवर्द्धन सम्बन्धी कार्यक्रमबारे प्रेस विज्ञप्ति

यहि २०८२ फागुन ०१ तद्नुसार १३ फेब्रुअरी २०२६ का दिन नेपाली राजदूतावास, मुस्कटले नेपाल र ओमानबीच निर्यात, व्यापार तथा लगानी प्रवर्द्धन गर्ने उद्देश्यले एक कार्यक्रम सफलतापूर्वक आयोजना गरेको छ। उक्त कार्यक्रममा ओमानमा रहनुभएका नेपाली उद्योगी-व्यवसायीहरूद्वारा प्रस्तुतीकरण, अनुभव आदान-प्रदान र अन्तरक्रियात्मक छलफल गरिएको थियो।

महामहिम डोरनाथ अर्यालले परम्परागत पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। उद्घाटन मन्तव्यका क्रममा राजदूत अर्यालले नेपाल-ओमान द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन व्यापार तथा लगानीको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। उहाँले सहभागीहरूलाई नेपाल र ओमान दुवै देशमा रहेका व्यापार तथा लगानीका अवसरहरूको खोजी गर्न आग्रह गर्दै नेपाल सरकारको लगानी आकर्षण सम्बन्धी प्राथमिकताहरूबारे जानकारी गराउनुभयो। साथै उहाँले जनवरी महिनामा मस्कटको Qurum Natural Park मा आयोजना गरिएको एक महिना लामो Muscat Nights Festival मा सहभागी भएका गैर-आवासीय नेपाली सोसल क्लब/नेपाली संघ-संस्था, व्यवसायी, कलाकार तथा अन्य व्यक्तिहरूप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उक्त महोत्सवमा नेपाली राजदूतावासले नौ वटा स्टलहरू स्थापना गरी सहभागिता जनाएको थियो, जहाँ नेपाली परम्परागत खाना (मो:मो), चिया तथा कफीको वितरण गरिनुका साथै विविध नेपाली उत्पादनहरूको प्रदर्शनी गरिएको थियो। यस पहलले नेपाली व्यवसायहरूको प्रवर्द्धनका लागि महत्वपूर्ण मञ्च प्रदान गरेको थियो। उक्त महोत्सव बीस लाखभन्दा बढी दर्शकहरूले अवलोकन गरेका थिए।

कार्यक्रममा गैर-आवासीय नेपाली सोसल क्लबका अध्यक्ष श्री सुरेश खड्का, व्यवसायी तथा NRN ICCका पूर्व उपाध्यक्ष श्री डी. बी. क्षेत्री, गैर-आवासीय नेपाली सोसल क्लबका पूर्व अध्यक्ष तथा व्यवसायी श्री विकल झा, चार्टर्ड एकाउन्टेन्ट श्री गौतम श्रेष्ठ, उद्यमी श्री जीवन कार्की, इन्जिनियर श्री युवराज आचार्य तथा इन्जिनियर श्री सुभाष काफ्लेले प्रस्तुतीकरण तथा अनुभव आदान-प्रदान गर्नुभएको थियो। उहाँहरूले नेपाल र ओमानमा व्यापार सञ्चालनका क्रममा सफलता तथा असफलताका अनुभव, चुनौतीहरू र विभिन्न क्षेत्रका व्यापार तथा लगानीका अवसरहरूबारे आफ्ना धारणा राख्नुभयो। यसै क्रममा श्री गौतम श्रेष्ठले शेयर बजारसम्बन्धी आफ्नो अनुभव र ज्ञानमा केन्द्रित प्रस्तुतीकरण गर्दै नेपाल र ओमान दुवै देशमा शेयर लगानी गर्न नेपाली समुदायलाई प्रोत्साहित गर्नुभयो।

कार्यक्रममा सबैको सहभागीता हुने गरी अन्तरक्रियात्मक छलफल पनि आयोजना गरिएको थियो। उक्त कार्यक्रमले सम्भावित व्यापार तथा लगानीका लागि नेटवर्किङ गर्न सहयोग पुऱ्याएको थियो। सहभागीहरूले कार्यक्रमलाई जानकारीमूलक, उपयोगी र अन्तरक्रियात्मक भएको भन्दै सन्तुष्टि व्यक्त गरेका थिए। नेपाली राजदूतावासले यस्ता कार्यक्रमहरू मार्फत व्यापार तथा लगानी प्रवर्द्धन गर्ने कार्यलाई आगामी दिनहरूमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ। उक्त कार्यक्रमको सञ्चालन नेपाली राजदूतावासका प्रथम सचिव श्री बिशेष कुमार साहले गर्नुभएको थियो।

नेपाली राजदूतावास, मस्कट, ओमान
२०८२ फागुन ०१

नेपाली राजदूतावास
मस्कट, ओमान

Shatti Al-Qurum, P.O.Box 517, PC116, Villa No.2294, Way No.2830, Tel: +968 24696177, Email: eonmuscat@mofa.gov.np